# धनौजी गाउँपालिका

पत्र संख्या : ०७९।८०

गाउंकार्यपालिकाको कार्यालय

धनौजी , धनुषा ।

मधेश, प्रदेश नेपाल

चलानी नं. : ४५५

मिति :२०७९।१०।१०

श्रीमान् निर्देशक ज्यू
बैदेशिक रोजगार बोर्डको सचिवालय
बवरमहल , काठमाडौ ।

**विषय : प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा बैदेशिक रोजगार बोर्डको सचिवालयको प.स. ०७९।८० च.न. ३६४ मिति २०७९।८।१८ गतेको पत्र बमोजिम यस धनौजी गाउपालिका अन्तर्गत बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकिकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिकाको अनुसूची १ बमोजिम यस कार्यालयबाट तयार भएको प्रस्ताव पत्र यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सिफारिस साथ अनुरोध छ ।

राजकुमारसाह

श्यामेन्द्र झा
**(रोजगार संयोजक)**

राज कुमार साह
**(गा.पा. अध्यक्ष )**

**राज कुमार साह**
**गाउँपालिका अध्यक्ष**

# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम कार्यान्वयनका लागि

## प्रस्ताव पत्र

धनौजी
गाँउकार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
मधेश, प्रदेश
आ.व. २०७९/०८०

राजकुमार

# बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन: एकीकरण कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव पत्र

१. कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नाम: **धनौजी गाँउपालिका, धनौजी, धनुषा ।**

२. कार्यक्रमको विवरण:

क) कार्यक्रमको नाम: वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको लागि पुनःएकीकरण कार्यक्रम ।

ख) कार्यक्रमको लक्ष्य: वैदेशिक रोजगारीबाट फर्केका आप्रबासी कामदारहरुको ज्ञान, सीप, पूँजी र प्रविधिलाई उपयोग गरि स्वदेशमै रोजगारी र स्वरोजगारीका अवसरहरु सृजना गरी वैदेशिक रोजगारीको परनिर्भरतालाई कम गर्दै लैजाने ।

ग) कार्यक्रमको उदेश्य:

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र ब्यबसायिक ज्ञान, अनुभवको पहिचान गरि सम्बन्धित पूँजी, सीप, प्रविधि र ब्यबसायिक ज्ञान अनुभव लाई नै बढाबा हुने गरि ब्यबसायको प्रबर्धन र रोजगारीको सृजना गर्ने ।
- वैदेशिक रोजगारीमा लेबरको मात्र काम गरेर फर्केकालाई उधमशिलता तालिम, ब्यबसाय गर्न चाहेका बिषय अनुसारका सिप तालिम तथा ब्यबसाय प्रबर्धनका लागि अन्य सहयोग गरि रोजगारी सिर्जना गर्ने ।
- वैदेशिक रोजगारीवाट प्राप्त सिपको पहिचान, प्रमाणीकरण, सूचीकरण र स्थानीय विकासका कार्यहरुमा परिचालन गर्ने ।
- स्थानीय उधोग ब्यबसायहरुमा चाहिने कामदार आपूर्ति गर्नको लागि सहजीकरण लगायत आबश्यक कार्यहरु गर्ने ।
- आर्थिक एकीकरण र सामाजिक एकीकरणलाई सन्तुलित रुपमा अगाडी बढाउन आप्रबासी कामदार तथा तिनका परिबारहरुद्वारा स्थापना हुने क्रममा रहेका र स्थापना भइ संचालनमा रहेका आप्रबासी हकहित संजाल तथा सहकारीहरुको प्रबर्धन गर्ने ।
- वडास्तरमा जनप्रतिनिधि लगायत सरोकारबालाहरु संग बैदेसिक रोजगारको योगदान, समस्या, चुनौती तथा अबसरहरुको बारेमा अन्तरक्रिया मार्फत सामाजिक पुनःएकीकरणका लागि सहज बाताबरण निर्माण गर्ने ।

घ) कार्यक्रम कार्यान्वयनको अवधि: आ.व.२०७९/८० को असाढ मसान्तसम्म .

ङ) कार्यक्रम कार्यान्वयन हुने स्थान: **धनौजी गाँउपालिका**

च) लाभग्राही संख्या: अनुमानित ११७ जना

छ) लाभग्राही परिवार संख्या :११७

३. कार्यक्रमको कूल लागत: रु ३० लाख

४. लागत व्यहोर्ने स्रोत: वैदेशिक रोजगार बोर्डको सचिवालय र धनौजी गाँउपालिका न्यूनतम साझेदारी।

५. अपेक्षित प्रतिफल:

- वैदेशिक रोजगारीबाट आर्जन गरेको पूँजी, सीप, प्रविधि र ब्यबसायिक ज्ञान आदिको आधारमा बिभिन्न किसिमको ब्यबसायहरुको सुरुवात भएको हुनेछ ।
- वैदेशिक रोजगारीमा फर्केका कामदारहरुले आफ्नो लागि उपयुक्त हुने ब्यबसाय छनौट गरेको हुने र त्यसको ब्यबसायिक योजना तयार भएको हुनेछ ।
- मांग अनुसारको सिप तालिमहरु संचालन भएको हुनेछ ।
- आबश्यकता अनुसार सिपको परिक्षण गरेको हुनेछ ।
- स्थानीय उधोग ब्यबसायहरुमा कामदारहरुले रोजगारी पाएको हुनेछ ।
- आप्रबासी हकहित संजाल र सहक्रारीहरुको गठन भएको हुनेछ र सहकारी शिक्षा तालिम, नेतृत्व विकास तालिम, क्षमता बिकास तालिम संचालन भएको हुनेछ ।
- वडास्तरमा जनप्रतिनिधिहरुले पुनःएकीकरण कार्यक्रम बुझेर लागत साझेदारीको लागि बजेट समेत छुट्याएको हुनेछ ।
- सामाजिकीकरण काममा रक्तदान, दीप प्रज्वलन, राहत बितरण, स्वास्थ्य शिबिर संचालन, वृक्षारोपण, गाउँ-टोल सरसफाई लगायतका कामहरु गरेको हुनेछ ।

राजकुमार

६. <u>कार्यक्रमको मुख्य क्रियाकलापहरु:</u>

- वै.रो.वाट फर्किएका व्यक्तिहरु र स्थानीय रोजगारीका लागि अवसरको अध्ययन (तथ्याङ्क संकलन र विश्लेषण)।
- वै.रो.वाट फर्किएर आएका व्यक्तिहरुको संजाल र सहकारी स्थापनाको तयारी तथा क्षमता विकास कार्यक्रम।
- उधमशिलता प्रवर्द्धन सम्वन्धी तालिमहरु।
- वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको सीप र क्षमताको उपयोगको लागि सम्वन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया र छलफल (रोजगारदाता, वैक, उद्योग) ।
- मनोसामाजिक परामर्श, नेतृत्व विकास कार्यक्रम, सीपमूलक तालिम, वित्तीय साक्षरता कक्षा, स्वयंसेवक परिचालन जस्ता क्रियाकलापहरु सञ्चालन।

७. <u>कार्यक्रमको वित्तिय तथा आर्थिक विश्लेषणको प्रक्रिया</u>

- चालु आ.व.२०७९/८० मा बोर्डबाट उपलब्ध श्रोत र स्थानीय सरकारबाट गरिने लागत साझेदारीबाट कार्यक्रम सञ्चालन गरिनेछ । सञ्चालित कार्यक्रमबाट लाभान्वित भएका सवाग्रहिहरुको सूची तयार गरिने छ ।
- आगामी आ.व. देखि मांग र आवश्यकताको आधारमा आर्थिक पक्षको विश्लेषण गर्दै अगाडी बढाइनेछ।
- कार्यक्रम सम्झौतामा उल्लेख भएको संचालन मिति र संम्पन्न मिति भित्र लागतको आधारमा वित्तिय प्रगती प्रतिवेदन पेश गरिने छ ।
- नेपाल सरकारको आर्थिक प्रशासन सम्बन्धी ऐन र नियमावली अन्तर्गत रहेर वित्तीय अभिलेख र प्रतिवेदन तयार गरी पेश गरिनेछ ।
- कार्यक्रम संचालनमा प्रयोग हुने प्रविधि, कार्यालय व्यवस्थापन, फोकल व्यक्तिको परिचालन र अनुगन लगायतका सम्पूर्ण खर्चहरु स्थानीय सरकारको हुनेछ ।
- सम्झौतामा उल्लेख भएको भन्दा वढी खर्च हुन गएमा स्थानीय सरकारले नै व्यहोर्नेछ ।

८. <u>कार्यक्रम कार्यान्वयन तथा खर्च योजना:</u>

| क्र.स. | कार्यक्रमको नाम | अनुमानित लागत | स्थानीय सरकारको योगदान | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगार (आन्तरिक र वैदेशिक) पार्श्वचित्र तयारी (palika profile) - तथ्याक संकलन र विश्लेषण (वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु विवरण, रोजगारदाता र रोजगारीको अवसरहरु) | ५,४०,००० | आवश्यकता अनुसार न्यूनतम साझेदारी गरिनेछ। | गणक तालिम, संचार खर्च, हलभाडा खर्च । तयारी बैठकहरु, तथ्यांक विश्लेषण पुस्तक प्रकाशन |
| २ | वैदेशिक रोजगारीवाट फर्किएर आएका व्यक्तिहरुको संजाल / सहकारी गठन तथा क्षमता विकास तालिम २/३ दिने | ४,००,००० | | संजालको संस्था विकास र शहकारीको लागि बीउ पुजी / पुजी परिचालन समेत गर्न |
| ३ | वैदेशिक रोजगारीवाट फर्किएर आएका व्यक्तिहरुको लागि उधमशिलता प्रवर्द्धन सम्वन्धि तालिमहरु (७ दिने) | ४,५०,००० | | तालिम तयारी, सहजकर्ता को पारिश्रमिक र व्यवस्थापन लगायतको खर्च |
| ४ | तालिमवाट व्यवसाय छनौट भएका व्यक्तिहरुको सीप र तयारीको आधारमा प्रविधि वा औजार वितरण | ८,००,००० | | पालिकाको विभिन्न शाखाहरु, विभिन्न निकाय एवं संघ संस्थाहरु संग समन्वय गरि लागत साझेदारी गरिनेछ । |
| ५ | वैठक तथा अन्तरक्रिया: वै.रो.वाट फर्किएर आएका व्यक्तिहरुको सीप र क्षमताको उपयोगको लागि सम्वन्धित सरोकारवालाहरु संग अन्तरक्रिया र छलफल (रोजगारदाता, वैक, उद्योग, संघ संस्था आदी)- आवश्यकता अनुसार १/२/३ पटक गर्ने | ३,००,००० | | आत्मनिर्भर बन्न टेवा पुर्याउने छ । |
| ६ | स्थानीय तहको कार्यक्रम कार्यान्वयन समितिको वैठक खर्च | १,००,००० | | स्थानिय सरकारको लागत साझेदारीमा |
| ७ | कार्यक्रमको अनुगमन तथा मुल्यांकन खर्च निरन्तर (संघ,प्रदेश एवं विभिन्न निकाय लाई आमन्त्रित समेत गर्ने) | १,००,००० | | निरन्तर अनुगमन, सर-सलाह एवं सुझाव संकलन तथा उपयुक्त सुझाब कार्यान्वयन |
| ८ | कार्यक्रमलाई प्राभवकारी एवं व्यबस्थित गर्न आवश्यकता अनुसार रिटर्नी सहजकर्ता एबं बिज्ञ परिचालन | २,१०,००० | | कार्यक्रमलाई प्रभावकारी रुपमा नेतृत्व गर्न । |
| ९. | जनप्रतिनिधि, मेडिया,पत्रकारसंग सम्बन्धित क्रियाकलापहरु | १,००,००० | | |
| | जम्मा= | ३०,००,००० | | |

९. <u>कार्यक्रम कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रशासनिक खर्च</u>

वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको लागि पुनःएकीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि २ जना रिटर्नी सहजकर्ताहरु राखी वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विवरण अध्यावधिक गर्नमा सहयोग पुर्याउनुको साथै, वैदेशिक रोजगार बाट फर्केका व्यक्तिहरुको संजाल गठन तथा सहकारी स्थापना / संचालन गर्नमा मदत पुर्याउने, स्वरोजगार बन्न एवं व्यवसाय गर्न ईच्छुक रहेको व्यक्तिलाई आवश्यक पर्ने उधमशिलता, ब्यबसायिक योजना बनाउने, सिप, तालिम संचालन तथा कागजात प्रक्रिया एवं ऋण प्रक्रियामा सम्पर्क सहयोग पुर्याउने छ ।

यस समग्र कामको लागि रेमि कार्यक्रमको फोकल पर्सनको मुख्य नेतृत्वमा +२ अध्ययन गरेका २ जना रिटर्नी स्वयंसेबकहरु (पूर्ण कालिन) परिचालन हुनेछ भने रिटर्नी स्वयंसेबकहरु जिल्ला स्थित आप्रबासी संजाल वा सहकारी संगको समन्वय / सहकार्यमा छनौट गरिने छ । निजहरुको तलब सुविधा प्रतिमहिना २५,०००/ र संचार तथा स्थानीय यातायात ५००० उपलब्ध गरिने छ । आप्रबासी संजाल वा सहकारी संचालन को लागि घरभाडा, मसलन्द, यातायात, संचार, बैठक खर्च, अनुगमन इत्यादी प्रसासनिक खर्चको रुपमा रहने छ।

१०. <u>कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रस्ताव</u>

१०.१ पृष्ठभूमि

**धनुषाको धनौजी गा.पा.को लगभग ७० प्रतिशत भन्दा बढी घर परिवार वैदेशिक रोजगारीबाट प्रत्यक्ष रुपले प्रभावित रहेको छ । जिल्लाका हरेक जात जाति, वर्ग समुदाय, धर्म लिङ्ग र भाषा भाषीका युवाहरुले अन्तिम विकल्पको रुपमा वैदेशिक रोजगारीलाई वाध्यात्मकतापूर्वक एवं प्रभावित भई यसलाई रोजेको हो । जस मध्ये हाल दलित वर्गबाट पनि उल्लेख्य संख्यामा वैदेशिक रोजगारीमा जाने क्रम बढीरहेको छ ।**

**वैदेशिक रोजगारी गरिव र दलितकालागि बढी नै जोखिमपूर्ण रहेको पाईएको छ । यी वर्गका युवाहरु विना सीप नै निर्माण कार्यसँग सम्बन्धि मजदूरको रुपमा गईरहेको अवस्था छ । यी गरिवहरु वैदेशिक रोजगारीमा जाँदा ऋण लिनु पर्ने हुन्छ । सरकारी तथा लघु वित्त बैङ्कहरुसम्म धेरै कम पहुँच पुगेको छ । पहुँच पुगेकाले पनि धितो नभएकोले ऋण लिन पाउँदैनन् त्यसकारण तिनीहरुले झन् चर्को ब्याज दरमा स्थानीय साहू महाजनहरुसँग ऋण लिन वाध्य हुनु परेको छ । साहुँहरुसँग चर्को ब्याज दर (३६ प्रतिशत देखि ६० प्रतिशत सम्म) मा लाख भन्दा बढी ऋण लिई यी गरिबहरुले एजेन्टहरुलाई विश्वासको भरमा मात्र रकम दिने गर्छन जसको कुनै प्रमाण पनि एजेन्टहरुले बनाई दिइ रहेको हुँदैन । यिनै समस्याहरुलाई मध्य नजर गर्दै जसको सवाल उसैको नेतृत्व भन्ने सिद्धान्त अनुसार आप्रवासीहरुको संजाल तथा सहकारीताको माध्यमबाट नियमित रुपमा आप्रवासी कामदार तथा तिनका परिवारलाई सकृय बनाउदै व्यवसायहरुको सृजना र रोजगारी प्रर्वद्धनका कार्यहरु अगाडि बढाइने छ ।**

**बैदेशिक रोजगारीको कारणले देखिएका मानसिक समस्याहरुको सामाधानको लागि मनोसामाजिक परामर्शका कार्यहरु अगाडि बढाइने छ । साथै सामाजिक रुपले पुनःएकीकरण गराउनका लागि बिभिन्न सामाजिक कार्यहरु आप्रवासी संजाल तथा सहकारी कै अगुवाईमा संचालन गरिने छ । जस्तै लक्षित परिवारका लागि रक्तदान, स्वास्थ्य शिबिरहरुको संचालन, गाँउ टोल सरसफाई, बृक्षारोपन, बैदेशिक रोजगारीका नाकारात्मक प्रभाव कम गर्न जनचेतना अभियान आदि कार्य अगुवाईले सामाजिक पुनः एकीकरण प्रभावकारी रुपमा अगाडि बढने छ ।**

१०.२. <u>कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन प्रक्रिया/रणनीति</u>

१०.२.१ <u>तथ्याक संकलन र विश्लेषण:</u>

स्थानीय सरकारको क्षेत्र भित्र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको व्यक्तिगत विवरण, काम गरेको मुलक तथा कामको प्रकृति, ज्ञान, सीप, अनुभव, रोजगारमा रहेको, बेरोजगार रहेको तथा स्वरोजगारमा रहेको, रोजगारदाताहरुको विवरण र रोजगारीको अवसरहरु लगायतका लगत संकलन गरिनेछ । सोको लागि यस धनौजी गाँउपालिका को रोजगार (आन्तरिक र वैदेशिक) पार्श्वचित्र तयारी दिग्दर्शन, २०७९ उल्लेख भएका प्रश्नावलीहरु एवं आवश्यकता अनुसार थप गरी तथ्यांक संकलकहरुको नियुक्ति, प्रश्नावली अनुसारको

प्रकाशन गरिनेछ । प्राप्त सूचनाको आधारमा स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने कार्यक्रमको तय गरिने छ । प्राप्त तथ्याकंले आगामी दिनमा यस क्षेत्रका समस्याहरु र अवसरहरु पहिचान भई स्थानीय सरकारको योजना प्रक्रियालाई सहयोग पुर्‍याउने छ।

**१०.२.२ <u>वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुको संजाल तथा सहकारी गठन तथा क्षमता विकास तालिमः</u>**

वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरु र परिवारका सदस्यहरुको संजाल तथा सहकारी गठन गरिनेछ । यसका लागि प्रत्येक वडाहरुको सहभागिता सुनिश्चीतता गर्दै त्यस्ता व्यक्तिहरुको हालको अवस्था, सवालहरु, अवसरहरुको खोजी, अधिकार ,संघीय सरकार र प्रदेश सरकारले गरेका प्रावधानहरु लगायतका विषयवस्तु समेटी २ वा ३ दिने अन्तरक्रिया गरिनेछ । निरन्तर वैठक र छलफलका लागि स्थानीय सरकारले थप पहल गर्नेछ ।

**१०.२.३. <u>वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन सम्वन्धी तालिमहरुः</u>**

सम्वन्धीत वडाहरुमा उधम गर्न चाहने र कसरी गर्ने भन्ने ज्ञान तथा अनुभव नभएका व्यक्तिहरु पहिचान गरि श्रोतको आधारमा <u>३० जना</u> सम्मको व्यक्तिहरुलाई एउटा समुहमा राखी <u>७ दिने उधमशीलता प्रवर्द्धन</u> सम्वन्धी तालिम संचालन गरिनेछ ।

**१०.२.४. <u>तालिमबाट व्यवसाय गर्न छनौट भएका व्यक्तिहरुको सीप र तयारीको आधारमा प्रविधि वा औजार वितरणः</u>**

उधमशीलता तालिमबाट विशेष सीपका लागि तयार भएका व्यक्तिहरु पहिचान गरी सो व्यत्तिहरुको अनुभव ज्ञान तत्परता र तयारीको आधारमा आवश्यक औजार, प्रविधि तथा आवश्यक सामाग्री स्थानीय सरकारको नियमानुसार वितरण गरिनेछ। सोको व्यवस्थापन र प्रभावकारी प्रयोग भएको नभएको निरन्तर निगरानी र अनुगमन गरिनेछ । नमुना उधमी विकास गरी अन्य युवाहरुलाई उत्प्रेरणाको लागि पहल गरिने छ । यस कार्यको लागि स्थानीय सरकार र आप्रबासी संजाल र सहकारीसंगको समन्वयात्मक रुपमा कार्य गर्ने छ।

**१०.२.५ <u>वैठक तथा अन्तरक्रियाः</u>**

वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको सीप र क्षमताको उपयोगको लागि सम्वन्धीत सरोकारवालाहरु संग अन्तरक्रिया र छलफल (रोजगारदाता, वैक, उद्योग, उधमी, वित्तीय संस्थाहरु, उधमशीलताको लागि तयार भएका व्यक्तिहरु वीचमा) गरि यस्ता व्यक्तिहरुको आवश्यकतामा आधारीत सहयोग गर्ने निकाय संग सहकार्य गर्नको लागि वातावरण तयार गरिने छ।

**१०.२.६ <u>स्थानिय स्तरको कार्यक्रम कार्यान्वयन समितिको वैठकहरुः</u>**

निर्देशिकामा उल्लेख गरिए बमोजिमको कार्यक्रम कार्यान्वयन समितिले कार्यक्रमको नीतिगत निर्णय, अनुगमन र प्रभावकारी संचालनका लागि नियमित वैठक बस्नेछ ।

**१०.२.७. <u>कार्यक्रमको अनुगमन तथा मुल्याकंनः</u>**

कार्यक्रमको प्रभावकारी कार्यान्वयन, यसले परेको प्रभाव र आगामी दिनमा सुधार गर्नपर्ने विषयहरुको पहिचाहनका लागि निरन्तर अनुगमन गरिनेछ । अनुगमनमा संजाल तथा सहकारीका सदस्यहरुको समेत भौतिक रुपमा समाबेस गराई आवश्यक पृष्ठपोषण लिइनेछ ।

**१०.२.८. <u>कार्यक्रमलाई प्राभवकारी एवं व्यबस्थित गर्न आवश्यकता अनुसार रिटर्नी सहजकर्ता एवं बिज्ञ परिचालन</u>**

पुनः एकीकरण कार्यक्रमको फोकल पर्सनको मुख्य नेतृत्वमा +२ अध्ययन गरेका २ जना **रिटर्नी स्वंमसेबकहरु** (पूर्ण कालिन) परिचालन हुनेछ । **रिटर्नी स्वंमसेबकहरु** जिल्ला स्थित आप्रबासी संजाल वा सहकारी संगको समन्वय / सहकार्यमा छनौट गरिने छ । कार्यक्रमलाई प्राभवकारी एवं व्यबस्थित गर्न आवश्यकता अनुसार बिज्ञ परिचालन गरिने छ ।

**१०.२.९. <u>जनप्रतिनिधि, मेडिया, पत्रकार आदिसंग सम्बन्धित क्रियाकलापहरु</u>**

पुनः एकीकरण कार्यक्रमका महत्व बुझाउन तथा एकीकरणका लागि सकारात्मक वाताबरण निर्माण गर्न जनप्रतिनिधिहरु संग अन्तरक्रिया कार्यक्रम गरिने छ । समाजमा देखिएका लान्छना महिला हिंसा, मनोगत समस्याहरुलाई निरुत्साहित गर्न पत्रकारहरुलाई संबेदनशिल बनाउने, सचेतनाका लागि बिभिन्न मेडियाहरु परिचालन आदि कार्यहरु गरिने छ ।

कार्यक्रमको प्रगति प्रतिवेदन वैदेशिक रोजगार बोर्डलाई मासिक / त्रैमसिक/ बार्षिक रुपमा निर्देशिकामा दिईएको ढाँचामा पेश गरिनेछ।

१०.४. <u>कार्यक्रमको लक्षित वर्ग</u>: वै.रो.बाट फर्किएका व्यक्तिहरु र तिनका परिवारलाई लक्षित गरेर कार्यक्रम संचालन गरिनेछ ।
१०.५ <u>समयावधि</u>: वैदेशिक रोजगार बोर्डसँग सम्झौता भए बमोजिम संचालन हुनेछ ।
१०.६. <u>जम्मा वजेट</u>: रु.३०लाख

**११. कार्यक्रमबाट समाजमा हुनसक्ने सामाजिक तथा आर्थिक प्रभाव**

कार्यक्रम संचालनको क्रममा तथा कार्यान्वयन पश्चात वैदेशिक रोजगारीवाट फर्किएर आएका व्यक्तिले नजिकको सरकारवाट आवश्यकता अनुसारको सेवा प्राप्त गरि स्वरोजगार बन्न विभिन्न किसिमको उधोग ब्यबसायहरु को सुरवात भएको हुनेछ । दैनिक रुपमा २०० सम्म आम्दानी गरिरहेको हुनेछ । रोजगारि आबध हुने कामदारहरु दिनको कम्तिमा रु.५०० कमाएको हुनेछ ।

लक्षित वर्गहरुले आफ्ना अधिकार, सरकारले प्रदान गर्ने सेवा तथा सुविधा र अवसरहरुवारे जानकार भई यसको लाभ लिएका हुनेछन्। पटक पटक वैदेशिक रोजगारीमा जानुपर्ने वाध्यात्मक अवश्थामा केही कमी आउन मद्दत पुगेको हुनेछ। यस क्षेत्रमा सरकारले गर्नुपर्ने प्राथमिकताका सूचि , कार्यक्रम र नीति नियम तयारीको लागि मार्ग तयार भएको हुनेछ। लक्षित वर्गका कानुनी समस्यामा सहजिकरण, महत्वपूर्ण जानकारी, आवश्यक सीप विकास र परिक्षणका लागि सहजिकरण, वित्तीय साक्षरता र मनोसामाजिक सेवा लगायतका सुरक्षित आप्रवासन कार्यक्रमहरुका सेवामा सम्वन्धित व्यक्तिहरु जोडिएर आवश्यक सेवा प्राप्त गरेका हुनेछन् । तालिम प्राप्त गरेका व्यक्ति मध्ये <u>५० प्रतिशत</u>ले आयआर्जनको सुरुवात गरेका हुनेछन् । स्थानीय स्तरमा रोजगारी र स्वरोजगारीका सम्भावित क्षेत्रहरु पहिचान र सोको उपभोग गर्ने वातावरण तय भएको हुनेछ ।

**१२. यस अघि संचालित कार्यक्रमको विवरण**

<u>यस स्थानीय सरकार अन्तर्गत आन्तरिक रोजगारी र बैदेसिक रोजगारी संग सम्बन्धित कार्यक्रमहरु :</u>

- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना) -आन्तरिक रोजगारी
- गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रम -आन्तरिक रोजगारी
- बैदेसिक रोजगारीलाई सुरक्षित ब्यबस्थित र मर्यादित बनाउने सामी कार्यक्रम